www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

# शहिद लखन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७५/०७६
च.नं. २९४१

मितिः २०७६।०२।१२

**विषयः टोल/वस्ती भेला तथा योजना/कार्यक्रम प्राथमिकिकरण सम्बन्धमा**

श्री वडा कार्यालय सबै,

शहिद लखन गाउँपालिका।

प्रस्तुत विषयमा यस शहिद लखन गाउँपालिकाको आगामि आ.व. २०७६।०७७ को बजेट तथा कार्यक्रम निर्माण गर्नको लागि वडाका अध्यक्ष/सदस्यहरुको संयोजकत्वमा वडालाई आवश्यकता अनुसार टोल/वस्तीमा विभाजन गरी संलग्न मार्गदर्शनलाई ध्यान दिई योजना कार्यक्रम छनौटको लागि टोल तथा वस्ती भेला सम्पन्न गरी मिति २०७६।०२।२५ सम्म अनिवार्य रुपमा वडाबाट योजना/कार्यक्रम प्राथमिकीकरण गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्न अनुरोध छ। साथै वजेट सिमा तथा थप मार्गदर्शन सम्बन्धी जानकारी पछि पठाईने ब्यहोरा जानकारी गरिन्छ।

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## योजना तथा कार्यक्रम छनौट सम्बन्धि मार्गदर्शन

१. सडक पूर्वाधार निर्माण, पर्यटन विकास, खानेपानी व्यवस्थापन र कृषि तथा पशु विकास सम्बन्धी योजनालाई मूख्य प्राथमिकता दिनुपर्नेछ।

२. वडाबाट रु. २ लाख भन्दा ठूला योजना मात्र सिफारिस गरिनुपर्नेछ।

३. वडाबाट योजना सिफारिस गर्दा सार्वजनिक निर्माणका योजनामात्रै सिफारिस गर्नुपर्नेछ।

४. महिला विकास, कृषि, पशुसेवा, स्वास्थ्य, शिक्षा, संस्कृति प्रवर्द्धन, लक्षित वर्ग र सचेतना, क्षमता विकास तथा प्रवर्द्धनात्मक कार्यक्रम गाउँपालिका भरी सकेसम्म समान प्रकृतिको योजना/कार्यक्रमहरु छनौट गरिनेछ। त्यस्ता योजना/कार्यक्रमहरु विषयगत समिति मार्फत सिफारिस गरी छनौट गरिनेछ।

५. प्रस्तावित कुल बजेटलाई विषय क्षेत्र एवं उपक्षेत्र अनुसार प्रतिशत निर्धारण गरी योजना/कार्यक्रम छनौट गरिनेछ।

६. अधुरा योजनालाई सम्पन्न गर्न प्राथमिकता दिनुपर्नेछ।

७. आर्थिक वृद्धि गर्ने, रोजगारी वृद्धि गर्ने र स्थानीयबासीहरुलाई प्रत्यक्ष लाभ पुग्ने योजना/कार्यक्रम सिफारिस तथा छनौट गर्नुपर्नेछ।

८. गाउँपालिका स्तरीय नमुना योजना छनौटमा प्राथमिकता दिइनेछ।

९. हरेक वडाबाट कम्तीमा १ वटा नमूना योजना सिफारिस गरिएको हुनुपर्नेछ।

१०. महत्वपूर्ण पर्यटकीय स्थलहरुको Master Plan निर्माण कार्यलाई प्राथमिकता दिनुपर्नेछ।

११. महत्वपूर्ण सडकहरुको DPR गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्नेछ।

१२. गाउँपालिकाको एकिकृत विकास योजना निर्माण, त्रीवर्षिय आवधिक योजना निर्माण गरी रणनितीक हिसावले तिब्र र व्यवस्थित विकास कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

१३. प्रत्येक वडामा कम्तिमा १ वटा हाते औजार तथा मानवीय श्रोत जनशक्तिको मात्र प्रयोग गरेर निर्माण गरिने आयोजना छनौट गर्नुपर्नेछ।

## विषयगत क्षेत्र छुट्याउने:

१) आर्थिक विकास: यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने,

२) सामाजिक विकास: शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्धन, लैङ्गिक समानता तथा सामजिक समावेशिकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने।

३) पूर्वाधार विकास: सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, संचार जस्ता क्षेत्र समावेस गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैरुङ, गोरखा
२०७३

४) वन वातावरण तथा विपद् व्यवस्थापनः वन तथा भू-संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला ब्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् ब्यवस्थापन, वारुण यन्त्र संचालन जस्ता क्षेत्र समावेश गर्ने।

५) सुशासन तथा संस्थागत विकासः मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय ब्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरीक र अन्तिम लेखापरिक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने।

<u>वस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नु पर्दछः</u>

१) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिनन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजिकरण गर्ने गरी जिम्मेवारी प्रादान गर्नुपर्दछ।

२) प्रत्येक वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनुपर्नेछ।

३) वस्ती तहका योजना छनौट गर्दा सो वस्ती भित्र सबै वर्ग र समुदाय (महिला, दलित, जनजाति, मुस्लिम, उत्पिडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ।

४) टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल/वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा समुह, बाल क्लब/संजाल, युवा क्लब, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई सहभागी गराउनु पर्नेछ।

२०७६/०२/१२
प्रमुख प्रशासकीय अधिकृत